## हार्दिक बधाई



२०७८ फागुन १२ गते/फरवरी २४ तारिख २०२२, बिहीबार नेइम ज्ञानेश्वर चर्चको सदस्य सुश्री **सलुजा थापा मगर** र अनन्त जीवन चर्च, यूएस.ए.को सदस्य श्री **सागर मुखिया**को नेइम ज्ञानेश्वर चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **सागर** र **सलुजा मुखिया**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



२०७८ फागुन १० गते/फरवरी २७ तारिख २०२२, आइतबार नेइम ज्ञानेश्वर चर्चको सदस्यहरू श्री **सन्तोष थापा** र सुश्री **जमुना मोक्तान**को नेइम ज्ञानेश्वर चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **सन्तोष** र **जमुना थापा**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



२०७८ फागुन १९ गते/मार्च तारिख २०२२, बिहीबार नेइम ज्ञानेश्वर चर्चको सदस्य श्री **सूर्य तामाङ्ग** र नेइम जहरसिंह पौवा चर्चको सदस्य सुश्री **अनिता लामा**को नेइम जहरसिंह पौवा चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **सूर्य** र **अनिता तामाङ्ग**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

### मिशनेरीहरूको लागि प्रार्थना

पाष्टर जेम्स र श्रीमती सेल्भी नेपाली परिवार (मुम्बई), पाष्टर नरेन्द्र र श्रीमती शान्ता सिंह परिवार (कोटद्वार, गढवाल), पाष्टर प्रदीप र श्रीमती फिलोमिना बज्राचार्य परिवार (पुने), पाष्टर लोक र श्रीमती परिना गुरूङ्ग परिवार (सिलगढी, भारत), पाष्टर अब्राहाम र श्रीमती केट श्रेष्ठ परिवार बेलायत, पाष्टर तिमोथी र श्रीमती शान्ता थापा परिवार (बेङ्गलोर, भारत) । उहाँहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

## विशेष् प्रार्थना

१. देशको उच्च ओहोदामा रहेका सरकार प्रमुखहरू, सबै राजनैतिक पार्टीहरूको लागि प्रार्थना गरिदिऔं ।

२. अन्धकारको शक्तिका अधार्मिक कामहरू चोरी, डकैती, हत्या, आत्माहत्या, लागु पदार्थ दुर्व्यसन, अपहरण, देह व्यापार, चेलीबेटी बेचबिखन, बलात्कार, बाल विवाह आदि जस्ता दुष्टका कामहरूको विरुद्धमा प्रार्थना गरौं ताकि यस्ता अन्धकारका कामहरू हटेर गएको होस् ।

३. संसारका विभिन्न देशहरूमा भइरहेको गृहयुद्ध, युद्ध, अनिकाल, रोग, प्राकृतिक प्रकोपमा परेर दुःख भोगिरहेकाहरूको लागि प्रार्थना गरिदिऔं ।

४. विभिन्न माध्यमहरूद्वारा प्रसारण भइरहेको वचनद्वारा मण्डली प्रभुमा बलियो हुँदै जान सकून् साथै सुसमाचार प्रचारद्वारा धैरै मानिसहरू अनुग्रहको समय छँदै परमेश्वरको राज्यमा आउन सकून् भनी प्रार्थना गरिदिऔं ।

५. नेपाल देशमा प्रभुको इच्छा र योजना पूरा गर्न देशका सबै मण्डली र खीष्टियान संघ संस्थाहरू पवित्र आत्माको अगुवाइमा सुसमाचार प्रचारको काममा बोझसाथ लागिपर्न सकून् ।

६. सेवा संगति, प्रार्थना, वचन पढाई, प्रशंसा र सुसमाचार प्रचार गर्ने विषयहरूमा मण्डलीका विश्वासीहरू कोही पनि सेलाएर नगएका हुन् ।

७. मण्डलीका सम्पूर्ण विश्वासीहरू प्रभुसँगको घनिष्ठतामा दिन प्रतिदिन बढ्दै जान सकून् साथै आफै पनि खीष्टमा बनिँदै एकअर्कालाई उत्साह दिँदै र बनाउँदै जान सकून् ।

८. मिशनेरी भएर जानुभएकाहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

९. सारा विश्वभरि फैलिरहेको महामारीको कारण आर्थिक स्थिति कम्जोर भएका, बिरामी हुनुभएकाहरू, शोकमा परेका परिवारहरूको लागि प्रार्थना गरिदिऔं ।

१०. सम्पूर्ण विश्वासीहरू आफ्नो जीवनमा सफलता हासिल गर्न परमेश्वरको बोलावटमा आज्ञाकारी भएर जिउन सकून् ।

११. बेरोजगारीहरू हुनुभएकाहरूको लागि प्रार्थना गरिदिऔं साथै बेरोजगारीको कारण कुनै विश्वासीहरूले प्रभुको नाउँलाई निन्दित तुल्याउने काम नगरून् र परमेश्वरमा भरोसा गरिराख्नेहरू हुन सकून् ।

१२. विभिन्न देशमा पढाइ, रोजगार तथा अन्य कामको लागि जानुभएकाहरूको सुरक्षाको लागि प्रार्थना गरिदिऔं साथै विदेशमा हुनुभएका नेपाली दाजुभाइ, दिदीबहिनीहरूले कुनै न कुनै माध्यमद्वारा खीष्ट प्रभुलाई चिन्न सकून् ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार** Sunday | २२ 6<br>आराधना सेवा साथै अन्य संगतिहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन र पवित्र आत्माको अगुवाइ मागिदिऔं।<br>एज्रा ७:९-१० | २९ 13<br>सबै इसाईहरू प्रभुमा जरा गाडिएका, निर्माण भएका र विश्वासमा दह्रिला भएकाहरू हुँदै जान सकून्।<br>कलस्सी २:६-७ | ६ 20<br>विभिन्न देशमा रोजगार, अध्ययन र अन्य कामको लागि गएका नेपाली दाजुभाइ, दिदीबहिनीहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशूलाई विश्वास गर्न सकून्।<br>२ पत्रुस ३:८-९ | १३ 27<br>नेपालमा भएका सम्पूर्ण विश्वासीहरूको असल साक्षीद्वारा धेरै मानिसहरू प्रभुमा आउन सकून्।<br>एफिसी ४:१७-३२ |
| **सोमबार** Monday | २३ 7<br>प्रत्येक विश्वासीहरूको व्यक्तिगत, पारिवारिक र मण्डलीसँग मिलेर गरिने प्रार्थनाको मूल्य चुकाई अझ बढेर गएको होस्।<br>यशैया ६२:६ | ३० 14<br>मण्डलीका सबै जवानहरू प्रार्थनाको साथै वचनमा आधारित जीवन जिउन पवित्र आत्माले नै सहायता गरून्।<br>भजनसंग्रह ११९:९ | ७ 21<br>येशू प्रभुलाई विश्वास गरेकाहरू साँचो अर्थमा पूर्ण रूपमा परिवर्तित जीवनमा परमेश्वरलाई पछ्याउनेहरू हुन सकून्।<br>एफिसी ५:१-१३ | १४ 28<br>मण्डलीका सबै विश्वासीहरूको जीवन वचनमा आधारित भएको होस्।<br>२ तिमोथी ३:१४-१७ |
| **मंगलबार** Tuesday | २४ 8<br>परमेश्वरबाटको उत्तम प्रतिज्ञाहरू जो हाम्रो लागि दिनुभएको छ, सो प्रतिज्ञाहरू घोषणा र दाबी गर्दै परमेश्वरको महिमाको लागि आशिषित् भएर जिउन सकौं।<br>२ पत्रुस १:३-४ | १ चैत्र 15<br>मण्डलीका विश्वासीहरूको जीवनमा आइपर्ने दुःख, कष्ट, सतावट तथा समस्याहरूमा स्थिर रहनको साथै समाधानको लागि प्रार्थना गरौं।<br>भजनसंग्रह ४६:१-११ | ८ 22<br>पढाइ र कामको क्षेत्रमा रहेका जवानहरू इमान्दार भएर परमेश्वरको साक्षीपूर्ण जीवन जिउन सकून् र उनीहरूको जीवनमा परमेश्वरको आशिष् र ज्ञान बुद्धि मागिदिऔं।<br>हितोपदेश ९:१०, याकूब १:५ | १५ 29<br>मण्डलीलाई परमेश्वरले देखाउनुभएको बाटोमा हिँड्नको लागि पवित्र आत्माको उपस्थिति र अगुवाइ मागिदिऔं।<br>भजनसंग्रह २५:४-५ |
| **बुधबार** Wednesday | २५ 9<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीहरू र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी भएर जिउन सकून्।<br>मत्ती ५:१३-१६ | २ 16<br>हामी आफ्नो परिवारको लागि मात्र होइन तर अरूको लागि पनि प्रार्थना, सहायता, सहयोग, वास्ता गर्नेहरू भई आशिषको कारण बन्न सकौं।<br>१ थेसलोनिकी ५:११ | ९ 23<br>दुःख-कष्ट, अभाव-घटी, पारिवारिक समस्या विभिन्न कारणले थाकेकाहरू साथै रोगी बिरामीहरूको लागि प्रार्थना गरिदिऔं।<br>यशैया ४०:२७-३१ | १६ 30<br>नेइमअन्तर्गतका शाखा-आवद्ध साथै शुरू भएका संगतिहरूमा सेवकाइ गर्नुहुने सेवक/सेविकाहरूको कमी नभएको होस्।<br>मत्ती ९:३५-३८ |
| **बिहीबार** Thursday | २६ 10<br>नेपालका सम्पूर्ण मण्डलीका विश्वासी-हरूमा आइपर्ने कुनै पनि समस्याको कारण विचलित नभई प्रभुमा स्थिर रहन सकून्।<br>हिब्रू १२:१-३ | ३ 17<br>परमेश्वरको प्रेम चाखेर फेरि संसारमा फर्केर गएकाहरू साथै विभिन्न कारणले सेवा संगतिहरूमा आउन छोडेकाहरू परमेश्वरको प्रेम सम्झेर फर्कि आउन सकून्।<br>यशैया ५७:१४-१९ | १० 24<br>मण्डलीको चार खाँ बोः पुरुष, महिला, युवा, बाल संगति आत्मिक क्षेत्रमा एकै रूपमा बढ्दै जान सकून्।<br>एफिसी ४:१२-१६ | १७ 31<br>मण्डलीका सबै आमा बुवा तथा अभिभावकहरूले आफ्ना बाल बालिकाहरू साथै छोराछोरीहरूलाई प्रभुको प्यार, प्रेम, शिक्षा, अनुशासनमा हुर्काउन सकून्।<br>व्यवस्था ६:४-९ |
| **शुक्रबार** Friday | २७ 11<br>परिवारका सबै सदस्यहरू परमेश्वरले दिनुभएको शान्ति, मेलमिलाप र समझदारीमा जिउन सकून्।<br>कलस्सी ३:१३-१७ | ४ 18<br>हामी सबै किसिमका बोझा र सजिलैसित अल्झाउने पापलाई पन्छ्याएर धैर्यका साथ हाम्रो दौडलाई पूरा गर्न सकौं।<br>हिब्रू १२:१ | ११ 25<br>मण्डलीका सबै वृद्ध/वृद्धाहरू तथा बेथानी आश्रममा बस्नुहुने बज्यैहरूका लागि प्रार्थना गरिदिऔं।<br>यशैया ४९:११, ४६:३-४ | १८ April 1<br>प्रभु येशूमा भएकाहरू जीवनको सबै परिस्थितिहरूमा सधैं धन्यवादी भई जिउनको लागि अनुग्रह मागिदिऔं।<br>१ कोरिन्थी १५:५८ |
| **शनिबार** Saturday | २८ 12<br>सरकारी, इसाई, संघ-संस्थाहरूमा सेवकाइ गरिराख्नुभएका साथै विभिन्न काम व्यवसाय गर्नेहरू आफ्नो कामप्रति इमान्दार हुन सकून्।<br>हितोपदेश ११:१ | ५ 19<br>सारा विश्वव्यापी मण्डलीहरू संख्यात्मक वृद्धि मात्र होइन तर आत्मिक जागृतिको साथै पवित्रतामा निरन्तर बढ्दै जान सकून्।<br>१ पत्रुस १:१५-१६ | १२ 26<br>परिवारका सबै सदस्यहरू परिवारमा, मण्डलीमा र समाजमा असल साक्षी भएर जिउन सकून्।<br>एफिसी २:१० | १९ 2<br>मण्डलीलाई प्रशस्त आशिषमा डोऱ्याउनुहुने साथै आशिषको कारण बनाउनुहुने परमप्रभु परमेश्वर पितालाई सबै आदर, भक्ति र महिमा चढाइरहन सकून्।<br>भजनसंग्रह १४७:१-२० |

**तर अब हे याकूब, तिमीलाई रच्नुहुने, हे इस्राएल, तिमीलाई सृष्टि गर्नुहुने परमप्रभु भन्नुहुन्छः "नडरा, किनकि मैले तँलाई मोल तिरेर छुटाएको छु । मैले तँलाई तेरो नाउँ काढेर बोलाएको छु, तँ मेरै होस् । तँ पानीबाट भएर जाँदा म तेरो साथमा हुनेछु । तँ नदीहरूबाट भएर जाँदा म तेरो साथमा हुनेछु । तँ आगोबाट हिँडेर जादा डढ्नेछैनस् । त्यसको ज्वालाले तँलाई भस्म पार्नेछैन । किनभने म परमप्रभु, तेरा परमेश्वर हुँ, इस्राएलका परमपवित्र, तेरा उद्धारक । तँलाई छुटाउनका निम्ति मिश्रदेश, र तेरो सट्टामा कूश र सिबा म दिन्छु ।**

**(यशैया ४३:१-३)**

 प्रकाशकः नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४४१४४८९/४४१२१७२, फ्याक्स नं. ४४११०१४ Email:info@nim.org.np, www.nimnepal.tv 